# नेपाल राष्ट्र बैंक

## राष्ट्रऋण व्यवस्थापन विभाग

**<u>बिक्री एजेन्टको इजाजतपत्र नवीकरण तथा नयाँ इजाजतपत्र सम्बन्धी सूचना</u>**

नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभागले प्रचलित कानूनको अधिनमा रही नेपाल सरकारको तर्फबाट निष्काशन गर्ने बैदेशिक रोजगार बचतपत्रको प्राथमिक बिक्री गर्न बिक्री एजेन्टहरुको इजाजतपत्रहरु प्रदान भईरहेकोमा उक्त इजाजतपत्रहरुको नवीकरण गर्न इच्छुक संस्थाहरुले इजाजतपत्रको बहाल अवधि समाप्त हुन अगावै तथा नयाँ इजाजतपत्र लिन इच्छुक संस्थाहरुले निम्न कागजातहरु संलग्न गरी यस विभागमा आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

<u>(१) आवश्यक कागजातहरु</u>

(क) नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषण कारोबार गर्न प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि ।

(ख) सम्बन्धित मुलुकका आधिकारिक निकायहरुले बिप्रेषण कारोबार गर्न प्रदान गरेका इजाजतपत्र वा सम्बन्धित निकायहरुसंग सो सम्बन्धमा भएको सम्झौताको प्रतिलिपि ।

(ग) नयाँ इजाजतपत्र लिनको लागि रु. २,०००।- वा साविकको इजाजतपत्र नवीकरण गर्नको लागि रु. १,०००।- दस्तुर नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, बालुवाटारमा रहेको यस बैंकको खाता नं. १२०००००-०३०-०१२-५२४ जम्मा गरेको भौचरको सक्कल प्रति ।

(घ) नवीकरण गर्नेको हकमा यस विभागबाट यस अघि प्रदान गरेको बिक्री एजेन्टको इजाजतपत्रको सक्कल प्रति ।

(२) नयाँ इजाजत तथा नवीकरण इजाजत ३(तीन) वर्षको लागि हुनेछ । (तर विप्रेषण कार्य गर्न प्राप्त इजाजतपत्रको म्याद सकिएमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट नवीकरण भएको मितिले ३ दिन भित्र सो को प्रतिलिपि यस विभागमा पेश गर्नु पर्दछ । अन्यथा प्रतिलिपी प्राप्त नभएसम्मको लागि बिक्री एजेन्टको इजाजतपत्र स्थगित गरिने छ ।)

(३) अब उपरान्त बिक्री एजेन्टको इजाजतपत्र नवीकरण गर्न म्याद समाप्त हुने मिति अगावै नवीकरणको लागि यस विभागमा निवेदन पेश गर्न समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

(४) बिक्री एजेन्टको नयाँ इजाजतपत्रको लागि आवश्यक कागजात र दस्तुर बुझाई जुनसुकै समयमा पनि यस विभागमा निवेदन पेश गर्न सकिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

यस सम्बन्धी विस्तृत जानकारीका लागि यस बैंकको फोन नं. ०१-४१०१७३२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।